लुम्बिनी प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
# प्रदेश खेलकुद परिषद् लुम्बिनी
PROVINCE SPORTS COUNCIL, LUMBINI NEPAL
राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या : ०८१/८२
च. नं. : १२७

मितिः २०८१/११/२०

श्री कार्यालय प्रमुख ज्यू,
जिल्ला खेलकुद विकास समिति सबै।

**विषयः टिम सहभागी गराइदिने सम्बन्धमा।**

प्रस्तुत विषयमा प्रदेश खेलकुद परिषद् लुम्बिनीको आयोजनामा मिति २०८१/१२/०५ गतेदेखि २०८१/१२/०९ गतेसम्म अर्घाखाँचीको सन्धिखर्कमा मुख्यमन्त्री कप प्रदेशस्तरीय पुरुष भलिबल प्रतियोगिता तपसिल बमोजिम सञ्चालन गरिने भएको हुँदा उक्त प्रतियोगितामा टिम सहभागिताका लागि निर्देशानुसार अनुरोध छ।

**तपसिलः**
प्रतियोगिता सञ्चालन मिति २०८१ चैत्र ५ देखि ९ गते सम्म।
स्थानः टुँडिखेल खेल मैदान सन्धिखर्क, अर्घाखाँची ।
टिम दर्ता गर्ने अन्तिम मितिः २०८१ चैत्र १ गते दिनको १२ बजे सम्म।

**थप जानकारीका लागि सम्पर्कः**

१. ९८६९९७०२९१ - अमृत के.सी.
२. ९८०९८७७१२३ - सुरेन्द्र चौधरी

**बोधार्थः**
श्री जिल्ला भलिबल संघ सबै।

................
अमृत के.सी.
प्रशासन प्रमुख

Email-lumbinisportscouncil@gmail.com, <pscl@lumbini.gov.np>, Phone No: 082-590759
"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद"

# मुख्यमन्त्री कप प्रदेशस्तरीय पुरुष भलिबल प्रतियोगिता-२०८१

**प्रतियोगितासँग सम्बन्धित नियमहरुः**

१. खेल अन्तराष्ट्रिय भलिबल महासंघ (FIVB) को नियमानुसार खेलाइनेछ।

२. खेल लिगकम नक आउटको आधारमा खेलाइनेछ।

३. सहभागी टिममा १२ जना खेलाडी, १ जना टिम प्रशिक्षक र १ जना टिम ब्यवस्थापक गरी जम्मा १४ जनासम्म हुनेछन्।

४. प्रतियोगिताको उदघाटन समारोह २०८१ चैत्र ५ गते दिउसो १ बजे हुनेछ। तर खेलहरु तालिका अनुसार नै बिहान ८ बजेदेखि सुरु हुनेछन्।

५. खेल सुरु हुनु भन्दा आधा घण्टा अगावै टिम ब्यवस्थापक वा प्रशिक्षकले अफिसियल डेस्कमा रिपोर्टिङ गर्नु पर्नेछ अन्यथा स्वतः वाक ओभर दिइनेछ।

६. प्रतियोगितामा सहभागी खेलाडी, टिम ब्यवस्थापक र टिम प्रशिक्षकले दर्ता फाराममा हालसालै खिचेको फोटो टाँस गर्नुपर्नेछ।

७. केही कुरामा बिवाद भएमा प्रदेश खेलकुद परिषद् लुम्बिनीको निर्णय अन्तिम हुनेछ।

८. प्रोटेष्ट गर्न चाहेमा प्रोटेष्ट दस्तुर रु ५५०० तिरेर खेल समाप्त भएको आधा घण्टाभित्र निवेदन दर्ता गर्न सकिनेछ। छानबिन पश्चात दोषी ठहरिए पराजित टिमलाई बिजेता घोषणा गरिनेछ। तर उजुरी गलत सावित भएमा प्रोटेष्ट दस्तुर फिर्ता हुनेछैन।

९. FIVB नियम अनुसारको खेलाडी पोषाक लगाउनु पर्नेछ।

१०. सहभागी टिमबाट खेल्ने खेलाडी सम्बन्धित जिल्लाको हुनु पर्नेछ। खेलाडीले आफ्नो नागरिकता वा ठेगाना खुल्ने सरकारी कागजातको सक्कल प्रमाण-पत्र र सोको प्रतिलिपि अनिवार्य ल्याउनु पर्नेछ।

११. खेल सञ्चालन हुने जिल्ला बाहेक अन्य जिल्लाका खेलाडी, टिम प्रशिक्षक र टिम ब्यवस्थापकलाई आतेजातेका निम्ति प्रचलित बस भाडा दरमा रकम उपलब्ध गराइनेछ।

१२. सहभागी टिमहरुलाई खाना तथा आवास वापत प्रति दिन प्रति ब्यक्ति रु.१२०० का दरले रकम उपलब्ध गराइनेछ। सहभागी टिमलाई वन डे बिफोरको कायम गरिएको भत्ताको ५० प्रतिशत उपलब्ध गराइनेछ तर वन डे अफ्टरको कुनै ब्यवस्था गरिएको छैन। तर खेल सञ्चालन हुने जिल्लाका खेलाडी, टिम प्रशिक्षक र टिम ब्यवस्थापकलाई वन डे बिफोरको भत्ता उपलब्ध गराइने छैन। प्रतियोगिताबाट बाहिरीएको टिमलाई बाहिरीएको दिन सम्म मात्र रकम उपलब्ध गराइनेछ।

१३. पुरस्कारः

प्रथम पुरस्कार- नगद रु.१०००००/- (एक लाख), मेडल, ट्रफी र प्रमाण-पत्र।

द्धितीय पुरस्कार- नगद रु.६५०००/- (पैसठ्ठी हजार), मेडल, ट्रफी र प्रमाण-पत्र।

तृतीय पुरस्कार- नगद रु.३५०००/- (पैंतिस हजार), मेडल, ट्रफी र प्रमाण-पत्र।

सान्त्वना - नगद रु.१५०००/- (पन्ध्र हजार) र प्रमाण-पत्र।

सर्वोत्कृष्ट खेलाडीलाई नगद रु.१००००/- (दश हजार) मेडल, ट्रफी र प्रमाण-पत्र।

उत्कृष्ट ६ बिधाहरुलाइ जनही रु. ५०००/- (पाँच हजार) मेडल, ट्रफी र प्रमाण-पत्र।

# मुख्यमन्त्री कप प्रदेशस्तरीय पुरुष भलिबल प्रतियोगिता-२०८१

जिल्ला खेलकुद विकास समितिको नामः.........................................................

| खेलाडी (क्याप्टेन) | खेलाडी | खेलाडी | खेलाडी |
|---|---|---|---|
| नामः........................ मो.नं....................... | नामः........................ मो.नं....................... | नामः........................... मो.नं.......................... | नामः.......................... मो.नं........................ |

| खेलाडी | खेलाडी | खेलाडी | खेलाडी |
|---|---|---|---|
| नामः........................ मो.नं....................... | नामः........................ मो.नं....................... | नामः........................... मो.नं.......................... | नामः.......................... मो.नं........................ |

| खेलाडी | खेलाडी | खेलाडी | खेलाडी |
|---|---|---|---|
| नामः........................ मो.नं........................ | नामः........................ मो.नं....................... | नामः........................ मो.नं........................ | नामः........................ मो.नं....................... |

| टिम प्रशिक्षक | टिम ब्यवस्थापक | जिल्ला खेलकुद विकास समितिको छाप |
|---|---|---|
| नामः........................ मो.नं........................ | नामः.......................... मो.नं.......................... | |